नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**मध्य वानेश्वर, काठमाडौं, नेपाल**
**फोन : +९७७-१-५९१४२१६**
वेबसाइट: **www.aepc.gov.np**

# सौर्य सिंचाइ प्रणाली जडानका लागि आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७९ चैत २८**
**आवेदन बुझाउने अन्तिम मितिः २०८० वैशाख २८**

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र तथा जर्मन सहयोग नियोग अन्तर्गत KFW को आर्थिक सहयोगमा यस केन्द्रद्धारा सञ्चालित आयोजना "Promotion of Solar Energy in Rural and Semi-urban Regions of Nepal" अन्तर्गत सौर्य सिंचाइ प्रणाली (सोलार पम्पिङ्ग सिस्टम) जडानका लागि आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रमको विवरण | आवेदन पेश गर्ने | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १. | कृषि सिंचाइका लागि व्यक्तिगत कृषक वा निजी कृषिफर्म सौर्य पम्प जडान | कुनै पनि माध्यमवाट विद्युत वितरण सेवा उपलब्ध स्थानबाट ३०० मिटर भन्दा टाढा रहेका तराईका २२ जिल्लाका व्यक्तिगत कृषक वा निजी कृषिफर्मबाट प्राप्त मागको आधारमा सिफारिस सहित सम्वन्धित पालिकाले । | १. सम्बन्धित उपभोक्ता वा निजी कृषिफर्मको निवेदन ।<br>२. केन्द्रले तयार पारेको ढाँचामा पूर्ण विवरण सहितको माग फारम (वेबसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु । |

माथि उल्लेखित सौर्य ऊर्जामा आधारित सिंचाइ प्रणाली जडान गर्न इच्छुक व्यक्तिगत कृषक वा निजी कृषिफर्मबाट आवश्यक कागजातहरु संलग्न गरी यस केन्द्रले तयार पारेको माग फारममा उल्लेखित विवरण सहित बढीमा १५ वटा प्रणालीहरुको लागि सम्वन्धित पालिकाले यस केन्द्रको कार्यालय अथवा इमेल ठेगाना sipdemand@gmail.com मा आवेदन पेश गर्नुपर्नेछ। तोकिएको आवश्यक न्यूनतम योग्यता र माग फारम केन्द्रको माथि उल्लेखित ठेगाना वा केन्द्रको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ। उक्त कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७९ (यस केन्द्रको वेबसाइटमा उपलब्ध) बमोजिम कार्यान्वयन गरिनेछ ।